आज मिति २०७९ फागुन १६ गते मंगलबारका दिन बागचौर नगर कार्यपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुम्निमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केश बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

CamScanner

जनकराज गौतम
नगर प्रमुख

बागधौर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**कार्यपालिका बैठक नं. ७ मिति २०७९।११।१६ ( आ.व. २०७९।०८०)**

**प्रस्तावहरुः**

१) सडक बोर्ड नेपालको लागि योजना छनौट सम्बन्धमा ।

२) शहरी विकास मन्त्रालयबाट कार्यान्वयन हुने योजनाको क्षेत्र निर्धारण सम्बन्धमा ।

३) नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको वजेट तथा कार्यक्रम संसोधन सम्बन्धमा ।

४) आँखा तथा कान उपचार केन्द्रको लागि बजेट व्यवस्थापन सम्बन्धमा।

५) प्रदेश विशेष तथा समपुरक अनुदानका लागि योजना छनौट सम्बन्धमा ।

६) हिमचौर, नाउलाचौर सडक अन्तर्गत शारदा खोलामा पक्की पुल डिपिआर सम्बन्धमा ।

७) झोलुङ्गे पुलको विवरण पेश गर्ने सम्बन्धमा ।

८) आर्थिक सहायत सम्बन्धमा ।

९) Room to Read कार्यक्रम विस्तार सम्बन्धमा ।

१०) पातिहाल्न प्रहरी विटको भवन मर्मत सम्बन्धमा ।

११) अग्ला टाकुरा खानेपानी आयोजना सम्बन्धमा ।

१२) विविध

जनकराज गौतम
नगर प्रमुख

**निर्णयहरुः**

**निर्णय नं. १** सडक बोर्ड नेपालको मिति २०७९।०९।१३ गतेको प्राप्त पत्रानुसार यस नगरपालिकामा सडक मर्मत सम्भारको लागि रु ३१ लाख बजेट बिनियोजन भएकोमा सडक बोर्ड नियमावली २०६१ को परिच्छेद ३ नियम ९ बमोजिम यस नगरपालिकाबाट व्यहोर्नुपर्ने ३०% समपुरक कोष आर्थिक वर्ष २०७९।०८० को रातो किताबको खर्च शिर्षक २२७११ म्याचिङ फण्ड शिर्षकबाट खर्च ब्यहोर्ने गरि यस पालिका भित्र मर्मत सम्भार गर्नुपर्ने कालो पत्रे सडक नरहेको तथा अधिकांश सडक कच्ची रहेकोले तपसिल बमोजिमको योजना छनौट गर्ने निर्णय गरियो । साथै उक्त योजनाको कार्यान्वयन सहमतीका लागि सडक बोर्ड नेपाललाई लेखी पठाउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | आयोजनाको नाम | वडा नं | बजेट रु. | कै. |
|---|---|---|---|---|
| १ | रारेचौर, सेताढाँर सडक निर्माण तथा मर्मत सम्भार | ५ | ४४,२८,५७१।४३ | सडक बोर्ड नेपाल बाट रु.३१ लाख र नगरपालिकाबाट रु.१३,२८,५७१।४३ |

**निर्णय नं. २** नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग, स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय विरेन्द्रनगर सुर्खेतको च.नं. १६६ मिति २०७९।०९।०६ गतेको पत्रानुसार "कर्णाली समृद्दि कार्यक्रम" अन्तर्गत यस नगरपालिकामा कार्यान्वयन हुने राप्ती राजमार्ग जोड्ने सल्यान रारेचौर-खाली-पुतलीबास-कुमाख सडक स्तरउन्नती शिर्षकमा बजेट विनियोजन गरिएकोमा सो शिर्षक संग सम्बन्धित योजना तथा सो क्षेत्राधिकार भित्र पर्ने उपयुक्त स्थान राप्ती राजमार्गको रारेचौर देखी खाली - पुतलीबास - बयाले- हुदै कुमाख जोड्ने गरी योजना अगाडि बढाइदिनु हुन स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय विरेन्द्रनगर सुर्खेतलाई लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३** आर्थिक वर्ष २०७९।०८० को रातो किताबको बजेट उपशिर्षक ८०६६०४०२१११४ नेपाल जलवायु सहयोग कार्यक्रम पालिकातर्फ साझेदारी अन्तर्गतको बजेट र संघीय सशर्त अनुदान तर्फको बजेट उपशिर्षक नं. ३२९००१०१ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गतको बजेट गरी कुल जम्मा बजेट सिलिङमा फरक नपर्ने गरी तपसिल बमोजिमको योजना तथा कार्यक्रमहरु संसोधन गर्ने निर्णय गरियो ।

अनुसूची १ आ.व. २०७९।८०को कार्यक्रम बजेट तथा बागचौर नगरपालिकाको योगदान

| क.स. | प्रस्तावित क्रियाकलापहरु | NCCSP2 को योगदान | नगरपालिकाको योगदान | कुल बजेट |
|---|---|---|---|---|
| कार्यक्रम : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ | | | | |
| १ | **जलवायु अनुकूलन तथा उन्यानशील योजनाहरु** | | | |
| १.१ | शारदा खोला पाल्नो पेदिखोला खरखरे ढाँर लिफ्ट सिचाई योजना, वडा नं. ४ | २६०९३१३ | १२७०९१० | ३८८०२२३ |
| १.२ | सुवे गैरा लिफ्ट खानेपानी निर्माण योजना, वडा नं. ६ | २२५७०६१ | १६१९७४६ | ३८७६८०७ |
| १.३ | बाँफुखोला जलाधार व्यवस्थापन कार्यक्रम, वडा नं १२ | ६९००००० | ४००००० | ७३००००० |
| १.४ | फारुला तिपाचौर पाँचगैरे सिंचाई योजना, बागचैर - २ | ५८८०६२६ | २५९३४४ | ६१३९९७० |
| २ | कर्मचारी तथा जनप्रतिनिधिहरुलाई जलवायु परिवर्तन सम्वन्धि नमुना कार्यहरुको अवलोकण भ्रमण | | ५००००० | ५००००० |
| | **जम्मा कार्यक्रम खर्च (१.१+१.२+१.३.४+२)** | १७६४७००० | ४०५०००० | २१६९७००० |
| ३ | **सेवा करार कर्मचारी खर्च (तलव, भक्ता र अन्य खर्चहरु)** | | | |
| ३.१ | प्राविधिक सहजकर्ता (सब इन्जिनियर) | ४७२००० | | ४७२००० |
| ३.२ | सामाजिक परिचालक | २८१००० | | २८१००० |
| | **जम्मा कर्मचारी खर्च (४.१+४.२)** | ७५३००० | | ७५३००० |
| ४ | नगरपालिकाको जोखिम चित्रावली (Hazard Atlas) र स्थानिय अनुकूलन कार्ययोजना (LAPA) पुस्तिका छपाई | | ३००००० | ३००००० |
| ५ | प्राविधिक उपकरण ( Laptop) खरिद | | २००००० | २००००० |
| ६ | अनुगमन तथा समिक्षा खर्च | | ५०००० | ५०००० |
| **जम्मा खर्च** | | १८४००००० | ४६००००० | २३०००००० |

नोट:

- *सेवा करार कर्मचारीका हकमा कृषि प्राविधिक, सामाजिक परिचालक र सवइन्जिनियर मध्ये (आवश्यक परेमा मात्र) बढीमा दुईजना सम्म भर्ती गर्न पाइनेछ र सो शिर्षकमा जम्मा कार्यक्रम खर्च (सहलगानी समेत) को ५% भन्दा बढी खर्च गर्न पाइने छैन। यदि थोरै कार्यक्रम बजेट भएकाले अपुग भएमा र सिमित सहयोग हुने स्थानीय तहहरुको हकमा प्राविधिक सहायता प्रदायकसंगको सहमतिमा दुईजना कर्मचारीको तलबभत्ता भन्दा नबढ्ने गरी रकम थप्न सकिनेछ। उक्त कर्मचारीहरुको पारिश्रमिक प्राविधिक सहायता प्रदायकको कार्यसम्पादन गुणस्तरताको अनुमोदन पश्चात मात्र हुने व्यवस्था मिलाउनु पर्नेछ।*
- *अनुगमन तथा समीक्षा खर्चका हकमा जम्मा कार्यक्रम खर्च (सहलगानी समेत)को १.५ % भन्दा बढी खर्च गर्न पाइने छैन र उक्त खर्च गाउँपालिका/नगरपालिकाको योगदान अन्तर्गत बजेट तर्जुमा गर्नुपर्नेछ। यसभित्र सेवा करार कर्मचारीको भ्रमण खर्च, कार्यक्रमसम्बन्धी बैठक खर्च आदि व्यवस्था भएको हुनुपर्नेछ।*

CamScanner

जनकराज गौतम
नगर प्रमुख

बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागचौर, सल्यान

**निर्णय नं. ४** मिति २०७९।०९।१९ गतेका दिन प्राथामिक आँखा तथा कान उपचार केन्द्र खरिबोट सल्यानको सञ्चालक समितिका संयोजक नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय अनुसार उक्त प्राथामिक आँखा तथा कान उपचार केन्द्रमा चस्मा सेवा विस्तार गर्न रु.१ लाख र कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने रकम रु.९६ हजार पाँच सय गरि जम्मा रु.१ लाख ९६ हजार पाँच सय आ.व. २०७९।०८० को रातो किताबको खर्च शिर्षक २२३११ मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** आ.व. २०८०।०८१ मा यस नगरपालिकामा कर्णाली प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने तपसिल बमोजिमका योजनाहरु छनौट गरि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

समपुरक तर्फ

| क्र.स | आयोजनाको नाम | कै. |
|---|---|---|
| १ | राप्ति राजमार्ग देखी वडा नं. १० को कार्यालय, कोटमौला-शान्तिनगर हुदै ९ नं. वडा कार्यल सम्म सडक निर्माण | |
| २ | राप्ती राजमार्ग देखी सेताभिर खाली हुदै नुवागाउँ सडक निर्माण | |
| ३ | बानपा वडा नं ४ राप्ती राजमार्ग देखी लौराबाङ हुदै दोभान बजार सम्म सडक निर्माण | |
| ४ | बागचौरबाट भ्यूटावर सम्म जाने बाटो कालो पत्रे | |

विशेष तर्फ

| क्र.स. | आयोजनाको नाम | कै |
|---|---|---|
| १ | हिमचौर अधुरो लिफ्ट खानेपानी आयोजना निर्माण बानपा वडा नं. ६ | |
| २ | हारिचार अधुरो लिफ्ट खानेपानी आयोजना वडा नं. ११ | |
| ३ | तल्लो चिल्ढाले अधुरो लिफ्ट खानेपानी आयोजना वडा नं. २ | |

**निर्णय नं. ६** हिमचौर नाउलाचौर सडक अन्तरगत शारदा खोलामा पक्की पुल निर्माणको लागि आ.व. २०७९।०८० को रातो किताबको डिपिआर खर्च शिर्षकबाट उक्त पुलको डिपिआर तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग ललितपुरको च.नं. २३० मिति २०७९।१०।१६ गतेको पत्रानुसार यस नगरपालिका अन्तर्गत आवश्यक रहेका तपसिल बमोजिमका झोलुङ्गे पुलहरु निर्माणका लागि नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग ललितपुरमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ७ | बालकल्याण आ.वि.झो.पु. | मुलातरा | | खहरे खोला | २० | १०० | २ | ३०० | ३०० | | | विद्यालय, बजार | | |
| २० | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ७ | घर्तीखोला झो.पु. | घर्तिखोला | | खहरे खोला | २० | १०० | २ | ३०० | ३०० | | | विद्यालय, बजार | | |
| २१ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ७ | ठुलाखेत कुन्याउटा झो.पु. | ठुलाखेत | कुन्याउटा | खहरे खोला | २० | १०० | २ | ३०० | ३०० | | | विद्यालय, बजार | | |
| २२ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ७ | रातामाटा मैनपोलै झो.पु. | मैनपोले | रातामाटा | शारदा नदि | ३० | १०० | ३ | ३०० | ३०० | | | बजार | | |
| २३ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ७ | वयास्वरा झो.पु. | वयास्वरा | | खहरे खोला | २० | १०० | २ | २०० | २०० | | | विद्यालय, बजार | | |
| २४ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ८ | बागचौर भरारे झो.पु. | भरारे | बागचौर | शारदा | ३० | १०० | | २००० | २००० | | | | | |
| २५ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ८ | तिल्चा झो.पु. | तिल्चा | लिउरेबारी | तिल्चा | २० | १०० | | ३०० | ४०० | | | | | |
| २६ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ९ | चिलढाले झो.पु | चिलढाले | जरक्टाकुरा | शारदा | १७० | ३५० | १२ | ६५०० | ६५०० | ३ | | धारमारे बजार | | |
| २७ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १० | बडाचौर दारिमबोट झो.पु. | बडाचौर | दारिमबोट | धोपा खोला | ५० | २०० | ६ | ५०० | ३०० | | | स्कुल, स्वास्थ्य | | |
| २८ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १० | बाडटे-सिलिङखोला झो.पु. | बाडटे | सिलिङखोला | धोपा खोला | ५० | ३०० | ६ | ७०० | ४०० | | | स्कुल, स्वास्थ्य | | |
| २९ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १० | मोख्ता बानुवा-सिमाना | सिमाना | बानुवा | शारदा | ५० | २०० | ६ | ३०० | ३०० | ०२-Jan | | बजार | | |
| ३० | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ११ | सिम्तरा खोला झो.पु. | लेख | भित्र वरा | बाँफुखोला | ३० | १०० | ४ | १३०० | २३५० | | | वन आवत जावत | | |
| ३१ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ११ | कुकुरगारे झो.पु. | कटरका | हारियार | बाँफुखोला | ३० | १०० | ४ | १४०० | १५०० | | | वडा कार्यालय,स्कु | | |
| ३२ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ११ | सिम्टेखर्क झो.पु. | सिम्टेखर्क | चिनाली | बाँफुखोला | ४० | १५० | ४ | २५०० | २४०० | | | सल्यान रोल्पा | | |
| ३३ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ११ | चिनाली झो.पु. | चिनाली | सिम्टेखर्क | बाँफुखोला | ३० | १०० | ४ | ३०० | २०० | | | वडा कार्यालय,स्कु | | |
| ३४ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ११ | रातामाटे झो.पु. | रातामाटे | बर्मथान | बाँफुखोला | २५ | १०० | ४ | २००० | २२०० | | | स्कुल, बम थान मिल | | |
| ३५ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १२ | ओरेनी झो.पु. | ओरेनी गाँउ | विद्यलय | मुलखोला | २० | ३०० | ४ | २५०० | ५००० | | | स्कुल बजार | | |
| ३६ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १२ | चौपारी झो.पु. | चौपारी | सिमगैरी | रचेनीखोली | ४० | २५० | ४ | २००० | ३००० | | | स्कुल बजार | | |
| ३७ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १२ | दोभान झो.पु. | स्वास्थ्य केन्द्र | स्कुल बजार | दोवान खोला | ५० | ३०० | [illegible] | २००० | | | | बजार स्वास्थ्य | | |
| ३८ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १२ | खर्सुका रुखती | टाइके | गलखोला | दहरखोला | ३० | १५० | ४ | १९६० | ५०० | | | सडक विद्यालय | | |

| क्र सं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम | वडा नं | प्रस्तावित झो पु को नाम | झो पु बाँधिने स्थानको नाम | | नदि / खोलाको नाम | नदि / खोलाको चौडाई (मि) | बाँधिने झो पु को अनुमानित लम्बाई (मि) | वर्षभरीमा तर्न नसकिने समय (महिनामा) | झो पु बाट लाभान्वित जनसंख्या | | प्रस्तावित झो पु र हाल भएको झो पु / सडक पुलको दूरी (घण्टामा) | | झो पु बाट पहुँच हुने सेवाको प्रकार (बजार, स्कूल, स्वास्थ्य केन्द्र, अन्य) | प्रस्तावित झो पु को स्थानको GPS Co-ordinate | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दायाँकिनारा तर्फ | बाँयाकिनारा तर्फ | | | | | दायाँकिनारा तर्फ | बाँयाकिनारा तर्फ | झो पु | सडक पुल | | दायाँकिनारा तर्फ | बाँयाकिनारा तर्फ |
| १ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १ | पनेरा खोला झो. पु. | सातेढुङ्गा | वडा कार्यालय | ठिम्वाङ खोला | | ३०० | ४ | १००० | ५०० | | | बजार, स्वास्थ्य | | |
| २ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १ | सार्के चौर | स्याउली | बजार | शारदा | | ३०० | ६ | ५०० | ५०० | | | बजार, स्वास्थ्य केन्द्र | | |
| ३ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १ | ताउलेरह | | | शारदा | | २५० | ६ | ३०० | ३०० | | | बजार, स्वास्थ्य केन्द्र | | |
| ४ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १ | विद्यालय झो.पु. | | | ठिम्वाङ खोला | | ३०० | ७ | ४०० | ८०० | | | बजार, स्वास्थ्य केन्द्र | | |
| ५ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १ | ढोँराचौर | | | ठिम्वाङ खोला | | ३०० | ४ | ५०० | ५२० | | | बजार, स्वास्थ्य केन्द्र | | |
| ६ | कर्णाली | सल्यान | बागचौर न. पा. | १ | स्यानीहम्पाल बुरसेखोली जोड्ने झो.पु. | स्यानीहम्पाल | बुर्सेखोली | ठिम्वाङ खोला | | ३०० | ६ | ५५० | ४०० | | | बजार, स्वास्थ्य केन्द्र | | |
| ७ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | २ | पनेरा खोला झो. पु. | सेवा केन्द्र | भरारे | शारदा | ५० | ३५० | ४ | | | | | | | |
| ८ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ३ | आरिचौर झो. पु. | | | | | ३०० | ३ | | | | | | | |
| ९ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ३ | वनेचौर झो.पु. | | | | | ३०० | ४ | | | | | | | |
| १० | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ४ | ठाटी बेस्बोट झो.पु. | ठाटी | बेस्बोट | शारदा | ५० | ३०० | ५ | ५०० | | | | जङ्गल, कोटवारा | | |
| ११ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ४ | नमुना बस्ती झो.पु. | नमुना बस्ती | गैरीखेत | शारदा | ५० | २५० | ५ | ५८० | | १ | | कोटवारा | | |
| १२ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ४ | बाँफुखोला झो.पु | खोरबारे | | शारदा | ५० | २०० | ४ | ५८० | | १ | | स्कुल | | |
| १३ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ४ | माजागौंउ झो.पु | चिमेरे | चिमेरे | माजागाउ खोला | ५० | ३०० | ४ | २०० | | १ | | | | |
| १४ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ५ | पनेरा खोला झो.पु.१ | पारीवन | लाकुरीडाँडा स्कुल | सिस्ने खोला | ४० | १०० | २ | | | | | स्कुल, वन क्षेत्र, गाँउ आवत जावत | | |
| १५ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ५ | पनेरा खोला झो.पु.२ | पारीवन | रमताले | ठूला खोला | ४० | १०० | २ | | | | | स्कुल, वन क्षेत्र, गाँउ आवत जावत | | |
| १६ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ५ | पनेरा खोला झो.पु.३ | लामाडाँडा | तल्लो शिर्पा | ठूला खोला | ४० | १०० | २ | | | | | स्कुल, वन क्षेत्र, गाँउ आवत जावत | | |
| १७ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ६ | बलेनी खोला झो.पु. | वडा कार्यालय | शिम | बलेनी खोला | १०० | २०० | ५ | १५०० | १५०० | | | वडा कार्यालय | | |
| १८ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | ६ | धमारे भिर झो.पु. | वडा कार्यालय | | | | २०० | | | | | | बजार, स्वास्थ्य | | |

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख

बागचौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

**निर्णय नं. ८** बागचौर नगरपालिक वडा नं. १ निबासी प्रेमे सुनारको मिति २०७९।११। गते आगलागीमा परि जलेर हाल अस्पताल भर्ना भई उपचार गरिरहेकोले निजको आश्रित परिवार (चन्द्रकली सुनार- श्रीमती) लाई रु २५ हजार र बागचौर नगरपालिका वडा नं. २ बागचौर बजारमा मिति २०७९।१०।२७ गते भएको आगलागी बाट प्रभावित तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमका आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | नाम थर | वडा नं. | आर्थिक सहायता रकम रु. | कै. |
|---|---|---|---|---|
| १ | शुरेस वली | वडा नं. २ | २५ हजार | |
| २ | गणेश बहादुर डाँगी | वडा नं. २ | २५ हजार | |
| ३ | देवि बि.क. | वडा नं. २ | २५ हजार | |

साथै बागचौर नगरपालिका वडा नं. ४ निबासी जाम बहादुर वलीको पित्त थैलीको अपरेशन तथा अन्य स्वास्थ्य उपचार गर्नुपर्ने भएको तर निजको आर्थिक अवस्था कमजोर भएकोले रु १५ हजार आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९** Room to Read कार्यक्रम विस्तार सम्बन्धमा छलफल हुँदा यस बागचौर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुका कक्षा १ र २ मा आवश्यक पर्ने फर्निचर खरिदको लागि आवश्यक पर्ने बजेट नगर सभा समक्ष पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०** बागचौर नगरपालिका वडा नं. ९ स्थित पातिहाल्न अस्थायी प्रहरी पोष्ट रहेको भवन मिति २०७९ असोज महिनाको मनुसुनका कारण क्षति भइ मर्मत सम्भार गर्नुपर्ने भएकोले आ.व. २०७९।०८० को रातो किताबको खर्च शिर्षक २२७११ म्याचिङ फण्ड शिर्षकबाट **" पातिहाल्न अस्थायी प्रहरी पोष्ट भवन मर्मत तथा घेरबार" रकम रु १० लाख** रकमान्तर गरी भवन मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** आ.व. २०७९।०८० मा संघीय सरकार समपुरक अनुदान अन्तर्गत अग्ला टाकुरा खानेपानी आयोजनाका लागि रु ५० लाख र नगरपालिकाबाट रु.५० लाख गरि जम्मा रु.१ करोड विनियोजन भएकोमा उक्त आयोजनाले समेट्ने क्षेत्र बागचौर नगरपालिका वडा नं. २ लस्तम अग्ला टाकुरा क्षेत्रमा कर्णाली प्रदेश सरकारले लिफ्ट सिँचाई तथा खानेपानी आयोजना निर्माण गरिसकेको हुँदा कर्णाली प्रदेश सरकारले निर्माण गरेको सो आयोजनाले समेट्न नसकेको बागचौर नगरपालिका वडा नं. ३ सम्म विस्तार गर्ने निर्णय गरियो । जस अन्तर्गत अग्ला टाकुरा इन्टेकबाट वडा नं. ३ खाली डाँडामा लिफ्टिङ गर्दा प्रदेश सरकारबाट निर्मित सो योजनालाई असर पर्ने नपर्ने विषयमा सम्बन्धित आयोजनाबाट राय माग गरी **"अग्ला टाकुरा खानेपानी आयोजना"** कार्यान्वयन गर्ने निर्णय गरियो ।

CamScanner

जनकराज गौतम
नगर प्रमुख

**निर्णय नं. १२** कालाखेत पातिहाल्न सडक अन्तर्गत चयालगाउँमा वर्षाका कारण सडक तथा सडक छेउ रहेका घरहरुमा क्षति हुन गएकोले उक्त स्थानमा आ.व. २०७९।०८० को रातो किताबको खर्च शिर्षक २२७११ म्याचिङ फण्ड शिर्षकबाट "साविक पिपलनेटा वडा नं. २ को चयालगाउँमा वाल निर्माण" शिर्षकमा रकम रु ५ लाख रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** स्थानीय सञ्चालन ऐन, २०७४ को प्रावधान भित्र रही नगरपालिका स्थापना पश्चात निर्णय भैसकेको केन्द्रमा वडा कार्यालय स्थापनमा गर्दा सोहि स्थानमा र केन्द्र नतोकिएको भए अनुमोदनका लागि नगरसभामा वडा समितिले सिफारिस गरी वडा कार्यालयहरुले प्रक्रिया अगाडी बढाउने र सो को लागि वडाले यहि मिति २०७९ फागुण २८ गते भित्र जग्गा प्राप्ति गरिसक्ने र उक्त अवधिमा जग्गा प्राप्ति हुन नसकेका वडाको हकमा वडा कार्यालय निर्माणका लागि आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रममा विनियोजित रकम नगर सभाबाट रकमान्तर गर्न सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १४** मिति २०७९।१०।२२ गतेका दिन तेह्रौं राष्टपती रनिङ शिल्ड निर्देशन तथा व्यवस्थापन समिति सल्यानको बैठकको निर्णय नं. २ तथा जिल्ला खेलकुद विकास समिति सल्यानको च.नं. ७९ मिति २०७९।१०।२३ गतेको पत्र बमोजिम उक्त १३ औं राष्टपती रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालनार्थ उक्त समितिलाई यस नगरपालिकाको तर्फबाट आर्थिक वर्ष २०७९।०८० को रातो किताबको सि.नं. ४८ खर्च शिर्षक २२५२२ कार्यक्रम खर्च शिर्षकबाट रु.८० हजार आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १५** यहि मिति २०७९ फागुण २४ गते (मार्च ८) मा पर्ने नारी दिवसको अवसरमा सम्पुर्ण वडाहरु तथा नगरपालिकामा भव्यताका साथ मनाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं १६** बागचौर नगरपालिकाको आधारभुत अस्पताल निर्माण गर्नका लागि नगरपालिकाले मिति २०७९।०५।१५ गते जग्गा प्राप्तिका लागि सूचना प्रकाशन गरेकोमा प्राप्त निवेदन मध्ये बानपा वडा नं. २ थारमारेमा रहेको जग्गा यहि मिति २०७९।११।२८ गते भित्र पास गरिसक्ने यदि सो मितिमा उक्त जग्गा पास हुन नसकेमा बानपा वडा नं. ८ भरारेमा रहेको जग्गा पास गर्ने निर्णय गरियो । सो जग्गा खरिदका लागि आवश्यक पर्ने बजेट रु ८ लाख **"आधारभुत अस्पताल निर्माणका लगि जग्गा खरिद"** शिर्षकमा आ.व. २०७९।०८० को रातो किताबको खर्च शिर्षक २२७११ म्याचिङ फण्ड शिर्षकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

**निर्णय नं. १७** बागचौर नगरपालिकाको आ.व. २०७९।०८० को रातो किताबको सि.नं.९१ सवारी साधन खरिद शिर्षक अन्तर्गत विनियोजित रकमबाट तपसिल बमोजिमका सवारी साधनहरु खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.स. | सवारी साधन तथा मेसिनेरी औजारको नाम | खरिद गरिने संख्या | कै. |
|---|---|---|---|
| १ | एक्जाभेटर | १(एक) | |
| २ | छ चक्के टिप्पर | १(एक) | |
| ३ | रोलर | १(एक) | |
| ४ | पिकअप गाडी | १(एक) | |
| ५ | ट्याक्टर | १(एक) | |
| ६ | मोटरसाइकल | १५ (पन्ध्र) | |

**निर्णय नं. १८** पूर्वाधार विकास कार्यालय सल्यानको च.नं. १८५ मिति २०७९।१०।२७ गतेको प्राप्त पत्रानुसार ठेका नं. २७/०७७/०७८ थारमारे, वडागाउँ चौरजहारी सडक खण्ड श्री खड्का कृष्ण / तिरुपाते / वंगलामुखी जे.भी., घोराही दाङले कालो पत्रे गर्नका लागि आवश्यक पर्ने निर्माण सामाग्री (वेश कोर्ष ढलान गिट्टि, चिप्स र वालुवा) उत्पादन गर्न आवश्यक सहयोग गरिदिने बारेको पत्र, बागचौर नगरपालिका वडा नं. ३ अन्तरगत चौरपानी इलाकामा पर्ने श्री अमरज्योती मा.वि.मा पर्ने जग्गाको किता नं. ७१ क्षेत्रफल ३-५-३-० रोपनी जग्गामा अस्थायी क्रसर जडान गर्न १०० के.वि. बराबरको विद्युत लाईन उपलब्ध गराउनको लागि सिफारिस गरिदिनु हुन भनि श्री अमरज्योती माध्यामिक विद्यालयको च.न. १८ मिति २०७९।१०।२९ गतेको पत्र र ३ नं. वडा कार्यालयको च.नं. ४०८ मिति २०७९।११।२१ को पत्र साथ श्री खड्का कृष्ण / तिरुपाते / वंगलामुखी जे.भी., घोराही दाङले मिति २०७९ फागुण १४ गते अस्थायी विद्युत मिटर जडानको लागि सिफारिस गरिपाउँ भनि निवेदन पेश गरेको हुँदा निर्माण व्यवसायीको निवेदन तथा उपरोक्त निकायहरुबाट भएको सिफारिस बमोजिम उक्त क्रसर सञ्चालनको लागि आवश्यक अस्थायी विद्युत लाईन जडान गरिदिन नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९** बागचौर नगरपालिकाको नवनिर्मित प्रशासनीक भवनमा कार्यालय स्थानान्तरण गर्दा कार्यालय व्यवस्थापन, फर्निचर, विद्युत विस्तार, मसलन्द तथा अन्य विविध शिर्षकमा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०** बागचौर नगरपालिकाको आ.व. २०७९।०८० को हिउदे नगर सभा मिति २०७९ फागुण २९ गते गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २१** मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. ७ स्थित भुवनेश्वरी आ.वि. मा फिल्ड निर्माण योजनामा रकम विनियोजन भएकोमा उक्त विद्यालयमा फिल्ड निर्माण भन्दा विद्यालयमा भवनको अभाव भएकोले सो फिल्ड निर्माण योजनालाई परिवर्तन गरी "विद्यालयको अधुरो भवनको तला थप गर्ने " गरी योजना परिवर्तन गरिदिन सम्बन्धित निकायमा सिफारिस गरि पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २२:** बागचौर नगरपालिका अन्तरगतका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा नगर अनुदान लगायत आन्तरिक श्रोतबाट शिक्षक व्यवस्थापन गर्दा अध्यापन अनुमती पत्र प्राप्त व्यक्तिहरुबाट मात्र पदपुर्ति गर्ने तर अध्यापन अनुमती पत्र प्राप्त गरेका आवेदकहरु तेस्रो पटकको विज्ञापनमा समेत उपलब्ध हुन नसक्ने भएमा तेस्रो पटकको विज्ञापन पश्चात अध्यापन अनुमती पत्र प्राप्त नगरेका तर अन्य योग्यता पुगेका आवेदकहरुबाट पदपुर्तिका लागि विज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २३:** मिति २०७९।०९।०१ को कृषि तथा पशु सेवा शाखाको प्राविधिक समितिले गरेको सिफारिस अनुसार आ.व. २०७९।०८० को सशर्त स्वीकृत कार्यक्रम अनुसार "साना व्यवसायिक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम" सञ्चालनको लागि पशु सेवा शाखा तर्फ नयाँ बाख्रा पकेट विकास सञ्चालनका लागि यस बागचौर नगरपालिका वडा नं. ९ अन्तरगतका टोलहरु परिलेख, मौरीघार,चार, धामिढुङ्गा, खर्सु बस्नेउटा का बाख्रापालक कृषकहरुलाई कृषक समुह समिति गठन गरि सो कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम अनुसार कृषी विकास शाखा तर्फ तरकारी पकेट क्षेत्र सञ्चालनका लागी यस बागचौर नगरपालिका वडा नं. २ शारदा नदी कोरिडोर, वडा नं. ७ टाट्के सेरोफरो र वडा नं. ४ लौराबाङ देखी पेदिखोला र सुन्तला पकेट क्षेत्र सञ्चालनका लागि वडा नं. ३ खालीका कृषकहरुलाई कृषक समुह समिति गठन गरि सो कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

जनकराज गौतम
नगर प्रमुख